"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

FN 30

धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-

चलानी नं. :- १५३८

मिति : २०७८/०६/०५

## विषय : विज्ञप्ती सम्बन्धमा ।

धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०५/३१ गतेको निर्णयानुसार भौतिक रुपमा विद्यालय संचालन नगरी बैकल्पिक प्रणालीबाट विद्यार्थीहरुको सिकाई सहजीकरण कार्यलाई निरन्तर अगाडि बढाउन यस अगाडि नै विद्यालयहरुलाई निर्देशन भएतापनि कतिपय विद्यालयहरुले भौतिक रुपमा नै विद्यालय संचालन गरिरहेका, अभिभावक तथा विद्यार्थीहरुलाई सूचना गरी विद्यालयमा बोलाएका जस्ता गुनासाहरु यस कार्यालयमा प्राप्त भएकाले नगर कार्यपालिकाको निर्णयलाई आत्मसाथ गर्दै तत्काल भौतिक रुपमा पठनपाठन बन्द गरी बैकल्पिक प्रणालीबाट विद्यार्थीहरुको सिकाई सहजीकरण कार्यलाई निरन्तर अगाडि बढाउन अनुरोध गर्दै यो विज्ञप्ती प्रकाशित गरिएको छ । हालको विषम परिस्थितिमा उपमहानगरपालिकाको निर्णयलाई अवज्ञा गरी भौतिक रुपमा विद्यालय संचालन गरेमा त्यसबाट उत्पन्न हुने परिणामको जिम्वेवार स्वयम् विद्यालय नै हुने र यस उपमहानगरपालिकाबाट निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन हुँदा भौतिक रुपमा विद्यालय संचालन भएको पाइएमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा नगर प्रमुखज्यूको निर्देशानुसार जानकारी गराइन्छ ।

..........................

रमेशकुमार शाह

शाखा अधिकृत

रमेशकुमार शाह
शाखा अधिकृत

**बोधार्थ :**

श्रीमान् नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।

श्रीमान् नगर उप प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।

श्री सूचना शाखा, धरान उपमहानगरपालिका : विज्ञप्ती website मा राखिदिन हुन ।